झापा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड-५ सङ्ख्या- ३ मिति-२०८१/१०/२३**

## भाग-१

## झापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

"झापा गाउँपालिकाको प्राशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१"

पारित मिति :२०८१/१०/१०

प्रमाणिकरण मिति :२०८१/१०/२२

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम झापा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यो ऐनको नाम "झापा गाउँपालिकाको प्राशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन झापा गाउँपालिका क्षेत्रभित्र राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ ।

२. परिभाषा :

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) “ऐन” भन्नाले झापा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१ सम्झनु पर्छ ।

ख) “कार्यपालिका” भन्नाले झापा गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग) “गाउँपालिका” भन्नाले झापा गाउँपालिका सम्झनु पर्छ ।

घ) “सभा” भन्नाले संबिधानको धारा २२२ बमोजिम गठित झापा गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकारः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :**

(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही झापा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५. **वचाउः**

(१) झापा गाउँपालिका गाउँकार्यपालिकाले यस अघी बनाएका नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत